# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०४।१४ गते।

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला दैलेख, भगवतीमाई गाउँपालिका वडा नं.३ सान्टडा खोला तटवन्धन निर्माण कार्य सम्पन्न भए पश्चात भुक्तानीमा सहजिकरण गरिदिने भनी खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय दैलेखका सव-इन्जिनियर विरेन्द्र चन्दसमेतले सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिएको टोलीले निज सव-इन्जिनियर द्वय विरेन्द्र चन्द र रन्जित श्रेष्ठलाई नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा दैलेख जिल्ला भगवतीमाई गाउँपालिका वडा नं. ३ स्थित सान्तडा खोला तटबन्ध निर्माण योजनाको कार्य सम्पन्न भए पश्चात भुक्तानीमा सहज गरी दिने भनी खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय दैलेखमा कार्यरत सव-इन्जिनियर द्वय रन्जित कुमार श्रेष्ठ र विरेन्द्र चन्दले सेवाग्राहीसँग निर्माण सम्पन्न पश्चात अन्तिम भुक्तानी दिनु भन्दा अगाडि रु. ३०,०००।— (तीस हजार) घुस/रिसवत माग गरेको र नदिएमा भुक्तानी रोकी दिने भनी भुक्तानी दिने निर्णय भई सक्दा पनि घुस/रिसवत नदिएकोले तयार भएको चेक पनि लुकाई भुक्तानी नदिएको पुष्टि हुन आएकोले निजहरु रन्जित कुमार श्रेष्ठ र विरेन्द्र चन्दले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरको उद्योगको कसुर गरेकोले निजहरुलाई बिगो रु. ३०,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ मा उल्लेखित भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) मा उल्लेखित सजायको आधा सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी